नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

युवा तथा खेलकुद मन्त्रालयले आ.व. २०७७।७८ को प्रथम चौमासिक समीक्षा बैठक तथा मन्त्रालयस्तरीय विकास समाधान समितिको बैठक मिति २०७७।८।१७ गते बुधबार सम्पन्न गरेको छ । माननीय मन्त्री श्री जगत बहादुर सुनार (विश्वकर्मा) ज्यूको अध्यक्षतामा भएको उक्त बैठकमा मन्त्रालयका सचिव, सहसचिव लगायत राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय युवा परिषद, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, नेपाल स्काउट लगायत अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगबाट समेत उपस्थिति भएको थियो ।

मन्त्रालयका उपसचिव श्री रवि प्रसाद दवाडीले प्रश्तुत गर्नुभएको मन्त्रालयको प्रथम चौमासिक प्रगति विवरणमा भौतिक प्रगति ५३.३२ र वित्तीय प्रगति ५१.९७ प्रतिशत रहेकोमा प्रश्तुतिपश्चात ब्यापक छलफल तथा समीक्षा गरी सुझाव प्रदान गरिएको थियो ।सर्वप्रथम नेपाल स्काउटका संयोजक श्री लोकबहादुर भण्डारीज्यूले स्काउटका भौतिक सम्पतिहरु अतिक्रमण र दुरुपयोग हुने सम्बन्धी समस्या रहेको र उक्त समस्या तत्कालै समाधान गर्नुपर्नेमा जोड दिनु भएको थियो ।यसै गरी राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष श्री शिव कोइरालाज्यूले राष्ट्रिय गौरवका आयोजनाका रुपमा खेलकुदलाइ पनि समावेश गर्न पहल पर्ने, कर्मचारी र भौतिक सम्पत्ति समायोजन गरिनुपर्ने, कोभिडलाइ परास्त गर्ने माध्यमका रुपमा खेलकुदलाई सुचारु राख्नुपर्ने र आगामी बैठकमा बेरुजू घटाउने प्रतिवद्धता जनाउनु भएको थियो भने परिषदका सदस्य सचिव श्री रमेश सिलवालज्यूले झापामा अतिक्रमित भएको साढे पाँच बिघा जग्गा परिषदको स्वामित्वमा ल्याइएको दृष्टान्त प्रश्तुत गर्दै परिषदको खर्च गर्ने क्षमतामा वृध्दि र सुशासनका लागि परिषद दत्तचित्त रहेको विचार ब्यक्त गर्नुभएको थियो ।त्यसैगरी राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष श्री माधव ढुंगेलज्यूले युवा नवप्रवर्द्धन केन्द्रलाई विकास गरी बजेट बढाइनु पर्ने, सहुलियतपूर्ण कर्जा कार्यक्रम ल्याउनु पर्ने, युवा उद्यमशीलताको विकास गरी वार्षिक पाँच लाख युवाहरुमार्फत रोजगारी र स्वरोजगारी सिर्जना गर्न सकिने स्पष्ट मार्गचित्र प्रश्तुत गर्दै यस प्रकृतिका कार्यक्रमलाई पनि राष्ट्रिय गौरवका योजनामा समावेश गरिनु पर्ने आवश्यकतामाथि प्रकाश पार्नुभएको थियो ।

यसैगरी समीक्षा बैठकमा अर्थ मन्त्रालयका प्रतिनिधिले चौमासिक वित्तीय प्रगति तथा कार्यक्रमहरुको खर्च ब्यवस्थापनमा मितव्ययिता र जवाफदेहिताका पक्षहरुमाथि प्रकाश पार्नुभएको थियो भने राष्ट्रिय योजना आयोगका प्रतिनिधिले पनि पूँजीगत खर्चमा वृध्दि गर्ने सम्बन्धमा विविध उपायहरु सुझाउनु भएको थियो ।त्यसैगरी मन्त्रालयका सचिव श्री रामप्रसाद थपलियाज्यूले तीनै तहका सरकारहरुबीचको सम्बन्ध सम्बन्धी ऐन २०७७ लाई ख्याल गरेर मात्र कानून र नीतिहरु निर्माण गरिनु पर्ने, वेरुजुहरु घटाउनुपर्ने तथा आइपर्ने समस्याहरु आपसी समन्वय र सहकार्यका आधारमा समाधान गर्नुपर्ने लगायतका विषयहरुमा जोड दिनु भएको थियो ।

अन्त्यमा कार्यक्रमको अध्यक्षता गरिरहनु भएका माननीय मन्त्रीज्यूले कोभिडको कारण अपेक्षाकृत प्रगति हुन नसकेको र आगामी दोश्रो चौमासिक बैठकमा उत्कृष्ट प्रगतिको अपेक्षा गर्दै सबैलाई उच्च निष्ठा र दक्षताका साथ कार्यसम्पादनका लागि उत्प्रेरित गर्नु भएको थियो। युवा र खेलकुदको क्षेत्र राष्ट्रकै पहिचानसँग जोडिएको महत्वपूर्ण क्षेत्र भएको तथा साहसिक खेलकुदलाई पर्यटनसँग जोडेर आर्थिक समृध्दिको लागि यसमा लगानी वृद्धि गर्नुपर्ने कुरामा जोडदिनु भएको थियो । साथै कोभिड महामारीको सङ्क्रमणको समयमा नेपाल स्काउटले खेलेको भूमिका तथा युवा तथा खेलाडीहरुले पुर्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय युवा परिषद्, युवा तथा साना व्यवसायी स्वरोजगार कोषहरुले समेत वित्तीय र भौतिक प्रगतिमा हासिल गरेको उपलब्धिको लागि हार्दिक धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

उक्त समिक्षा बैठकबाट प्राप्त प्रगति विवरणहरु राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाउने र कार्ययोजना सहित नवप्रवर्तन केन्द्रलाई राष्ट्रिय गौरवको योजनाका रुपमा प्रस्ताव गर्ने तथा युवा तथा साना ब्यवासायी स्वरोजगार कोषको कानूनी पक्ष,स्रोत वृध्दि र संरचनागत रुपान्तरणको समेत आवश्यकता देखिएकोले सो सम्वध्द समस्याहरुलाइ समेत राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने निर्णय भएको थियो ।

**रामबन्धु सुवेदी**
**प्रवक्ता**
**मितिः २०७७।०८।१७**

फोन नं. :- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४४ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ ( आ.प्र) फ्याक्स नं. : ४२००५५२, इमेल: info@moys.gov.np, वेभसाइट: www.moys.gov.np